जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २३९ • २०८३ असार ५ गते शुक्रवार • 19 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## प्रदेशलाई आवश्यक अधिकार हस्तान्तरण नभएको गुनासो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असार**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारलाई आफ्नै प्रहरी प्रशासन र कर्मचारी संरचना नदिइएकाले सडक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा सेवा प्रवाहका काम प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ भइरहेको बताएका छन् ।

बिहीबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सडक सुरक्षा कार्यशालामा बोल्दै मुख्यमन्त्री यादवले संघीय शासन व्यवस्था कार्यान्वयनमा आए पनि प्रदेशलाई आवश्यक अधिकार हस्तान्तरण नभएको गुनासो गरे । उनले प्रदेश सरकारलाई अधिकार र स्रोतसाधनको अभावमा सीमित बनाइएको टिप्पणी गर्दै प्रदेश प्रहरी र कर्मचारी व्यवस्थापनको अधिकार तत्काल आवश्यक रहेको बताए । मुख्यमन्त्री यादवले सडक दुर्घटना न्यूनीकरण प्रदेश सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै पर्याप्त बजेट, जनशक्ति र अधिकार नहुँदा अपेक्षित परिणाम हासिल गर्न चुनौती भइरहेको धारणा राखे । उनले प्रदेशलाई संवैधानिक अधिकारको पूर्ण कार्यान्वयन गरिए मात्रै सडक सुरक्षा लगायतका क्षेत्रमा सुधार सम्भव हुने बताए । कार्यक्रममा श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले सडक दुर्घटना नियन्त्रणका लागि जनचेतना अभिवृद्धि सबैभन्दा प्रभावकारी उपाय भएको बताइन् । विद्यालयस्तरमा ट्राफिक शिक्षाको अभ्यास सकारात्मक रहेको उल्लेख गर्दै उनले समुदाय र महिला समूहसम्म सचेतना अभियान विस्तार गर्नुपर्नेमा जोड दिइन् । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले प्रमाणमा आधारित नीति निर्माण, सडक पूर्वाधारको सुधार तथा विभिन्न निकायबीचको समन्वयलाई बलियो बनाउनुपर्ने आवश्यकता औंल्याए ।

त्यसैगरी, मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन पर्याप्त बजेट, जनशक्ति र अधिकार आवश्यक रहेको बताए । सडक दुर्घटनाका वास्तविक कारण पहिचान गरी नीतिगत सुधार गर्नुपर्नेमा उनले जोड दिए । भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ओमराज ढुंगानाले सडक सुरक्षाको चुनौती समाधानका लागि सबै सरोकारवाला निकायबीच सहकार्य अपरिहार्य रहेको धारणा राखे । मन्त्रालयका सहसचिव इन्जिनियर शुभराज न्यौपानेले सडक सुरक्षा सम्बन्धी विषय विद्यालय तहको पाठ्यक्रममै समावेश गर्नुपर्ने सुझाव दिए ।

## जनकपुरधाममा आयुर्वेदको 'स्वर्णविन्दु थोपा' खुवाउने अभियानको औपचारिक शुभारम्भ



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असार**

मधेश प्रदेशका सभामुख रामआशिष यादवले आज जनकपुरधाममा आयुर्वेदको 'स्वर्णविन्दु थोपा' खुवाउने अभियानको औपचारिक शुभारम्भ गरेका छन् ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय जनकपुरधामको आयोजनामा सुरु भएको कार्यक्रममा सभामुख यादवले स्वस्थ, स्वच्छ र समृद्ध प्रदेश निर्माणका लागि यस्ता आयुर्वेदिक अभियानहरू प्रभावकारी हुने बताए ।

उनले पछिल्लो समय नसर्ने रोगहरू बढ्दै गएको उल्लेख गर्दै आयुर्वेदिक उपचार तथा जीवनशैली अपनाउँदा रोग रोकथाम र व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने धारणा राखे । सभामुख यादवले एकदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई खुवाइने स्वर्णविन्दु थोपा उनीहरूको रोग प्रतिरोधात्मक क्षमता विकासमा उपयोगी हुने विश्वास व्यक्त गरे ।

साथै, मधेश प्रदेशलाई आयुर्वेद तथा वैकल्पिक उपचारको केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता पनि औंल्याए । आयुर्वेद विभागका निवर्तमान महानिर्देशक डा. श्यामबाबु यादवका अनुसार हाल यो कार्यक्रम मधेश प्रदेशका आठ जिल्लासहित देशका ४१ जिल्लामा सञ्चालन भइरहेको छ । उनले आगामी आर्थिक वर्षदेखि कार्यक्रमलाई देशका सबै ७७ जिल्लामा विस्तार गर्ने तयारी भइरहेको जानकारी दिए ।







## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपागंता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# समाजवादको सार

*नेपालको सामाजिक र आर्थिक संरचना अझै पनि कृषिप्रधान रहेको देखिन्छ । ठूलो जनसंख्या न्यून आय, बेरोजगारी, कमजोर औद्योगिक आधार र सीमित अवसरबीच संघर्ष गरिरहेका छन । यस्तो अवस्थामा बजारलाई मात्र निर्णायक शक्ति मान्ने उदारवादी अर्थनीतिले समाजका सबै वर्गको हित सुनिश्चित गर्न सक्दैन । बजारको स्वभाव नाफामुखी हुन्छन, जबकि राज्यको दायित्व सामाजिक न्याय र जनकल्याण सुनिश्चित गर्नु रहेको छ । त्यसैले बजेटको मूल्यांकन गर्दा त्यो कम्युनिस्टले ल्याएको हो वा गैरकम्युनिस्टले ल्याएको हो भन्ने प्रश्न गौण हुन्छन । मुख्य प्रश्न त यो हो कि बजेटले उत्पादन बढाउँछ कि बढाउँदैन ? रोजगारी सिर्जना गर्छ कि गर्दैन ? राष्ट्रिय उद्योगलाई संरक्षण गर्छ कि गर्दैन ? किसान, श्रमिक, युवा र गरिब वर्गको जीवनस्तर सुधार्छ कि सुधार्दैन ? आर्थिक वर्ष २०८३/८४ को बजेटबारे उठेका बहसहरूले पनि यही प्रश्नलाई पुन:स्थापित गरेको छ । आलोचकहरूको दृष्टिमा यो बजेटले उत्पादनशील क्षेत्रभन्दा वित्तीय, दलाल तथा बिचौलिया प्रवृत्तिलाई बढी प्रोत्साहन गरेका छन ।*

*यदि विकासको केन्द्रमा उत्पादन, श्रम र राष्ट्रिय उद्योगभन्दा उपभोग, आयात र सीमित समूहको नाफालाई राखियो भने आर्थिक असमानता अझ बढ्नेछन । धनी र गरिब बीचको दूरी फराकिलो हुनेछन । युवाहरू रोजगारीको खोजीमा विदेश पलायन हुने क्रम रोकिने छैन । सामाजिक न्याय कमजोर बन्दै जानेछन । आजको आवश्यकता समाजवादलाई लल्कार्ने दम्भको होइन, नेपालको यथार्थ बुझ्ने विवेकको रहेको देखिन्छ । नेपालको संविधान, जनआन्दोलनहरूको इतिहास र जनताको आकांक्षा सबैले सामाजिक न्याय, समान अवसर, राष्ट्रिय स्वाभिमान र समतामूलक विकासको माग गर्छन् । यही नै समाजवादको सार हो ।*

# उपचारका क्रममा एक सुत्केरी महिलाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असार**

जनकपुरधामस्थित समर हस्पिटलमा उपचारका क्रममा एक सुत्केरी महिलाको मृत्यु भएपछि अस्पताल प्रशासनमाथि चिकित्सकीय लापरवाहीको आरोप लागेको छ।

घटनापछि पीडित परिवारले निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेको हो। मृतक नगराईन नगरपालिका-३ फुलगामाकी २३ वर्षीया अञ्जली मुखिया रहेको परिवारले जनाएको छ। मुखियालाई सुत्केरी गराउन मंगलबार समर हस्पिटलमा भर्ना गरिएको थियो। परिवारका अनुसार मंगलबार साँझ उनको शल्यक्रिया मार्फत प्रसूति गराइएको थियो। शुरूवाती अवस्थामा अवस्था सामान्य रहेको जानकारी अस्पतालले दिएको भए पनि केही समयपछि अत्यधिक रक्तस्राव सुरु भएको र स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको थियो । रक्तस्राव नियन्त्रणका लागि पटक पटक रगत चढाइए पनि उनलाई बचाउन नसकिएको परिवारको भनाइ छ। मृतकका पति करण मुखियाले शल्यक्रियाका क्रममा गम्भीर त्रुटि भएको आरोप लगाएका छन्। उनका अनुसार अपरेशनपछि भित्री नसमा क्षति पुग्दा अत्यधिक रक्तस्राव भएको थियो । उनले अस्पतालले समयमै प्रभावकारी उपचार र व्यवस्थापन गर्न नसकेको दाबी गर्दै घटनाको सत्यतथ्य छानबिन हुनुपर्ने माग गरेका छन्।




'सामान्य अवस्थामै अस्पताल पुगेकी श्रीमतीको मृत्यु हुनु शंकास्पद छ,'उनले भने, 'यसअघि पनि यस्ता घटना भएको सुनिएको थियो। त्यसैले सम्बन्धित निकायले निष्पक्ष अनुसन्धान गरी दोषीलाई कारबाही गर्नुपर्छ ।' घटनापछि मृतकका आफन्त तथा स्थानीयवासी अस्पताल परिसरमा भेला भई आक्रोश व्यक्त गरेका थिए । परिवारले अस्पताल प्रशासनसँग घटनाबारे स्पष्ट जवाफ मागे पनि सम्बन्धित चिकित्सक तथा अस्पताल सञ्चालक सम्पर्कमा नआएको आरोप लगाएको छ।

# मधेश प्रदेश सभा सचिवालय जनकपुरधाममा नवनिर्मित पुस्तकालय भवनको उद्घाटन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असार**

मधेश प्रदेश सभा सचिवालय जनकपुरधाममा नवनिर्मित पुस्तकालय भवनको उद्घाटन गरिएको छ । उक्त पुस्तकालय भवनको उद्घाटन सभामुख रामअशिष यादवले गरेका हुन्। उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले पुस्तकालयलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा व्याख्या गर्दै यसलाई विधायन प्रक्रियालाई सुदृढ बनाउने ज्ञान केन्द्रको रूपमा विकास गर्नुपर्नेमा जोड दिए । उनले प्रदेशसभा सदस्यहरूको नीति निर्माण क्षमता अभिवृद्धि गर्न यस्ता संरचनाहरू अत्यन्त उपयोगी हुने उल्लेख गर्दै पुस्तकालयलाई निरन्तर अद्यावधिक र डिजिटल प्रणालीसँग जोड्नुपर्ने आवश्यकता औंल्याए। कार्यक्रममा बोल्दै उपसभामुख बबिता राउत ईशरले पुस्तकालयलाई पुस्तक संकलन गर्ने स्थान मात्र नभई अध्ययन, अनुसन्धान र नीतिगत बहसको जीवित केन्द्रका रूपमा विकास गर्नुपर्ने बताइन् । उनले विशेषगरी युवा सांसद तथा कर्मचारीहरूलाई यसको अधिकतम उपयोग गर्न आग्रह गर्दै संसदीय अभ्यासलाई तथ्य आधारित बनाउने दिशामा यो महत्वपूर्ण कदम हुने धारणा व्यक्त गरिन् । त्यस्तै, कार्यक्रममा सहभागी प्रदेश सभा सदस्यहरूले पनि पुस्तकालय स्थापना प्रदेशको विधायिकी इतिहासमा महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै यसले दीर्घकालीन रूपमा सुशासन र नीति निर्माणमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे। प्रदेश सभा सचिवालयका कर्मचारी तथा सञ्चारकर्मीहरूको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा पुस्तकालयलाई संसदीय अध्ययन, अभिलेख व्यवस्थापन र अनुसन्धानको केन्द्रका रूपमा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरियो ।


## सूचना ! सूचना !! सूचना !!!




**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**महोत्तरी जलेश्वर, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# बर्दिबासमा रक्तदानसहित विविध कार्यक्रम सम्पन्न




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ४ असार**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको १६औं स्थापना दिवसको अवसरमा बर्दिबासमा रक्तदानसहित विविध कार्यक्रम सम्पन्न भएको छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयू) को १६औं स्थापना दिवसको अवसरमा महोत्तरीको बर्दिबासस्थित प्राकृतिक स्रोत व्यवस्थापन कलेज (CNRM) ले योग तथा अध्यात्म, चराअवलोकन, रक्तदान, वृक्षारोपण र अनुसन्धान प्रदर्शनीसहित विविध कार्यक्रम सम्पन्न गरेको छ । यस वर्षको स्थापना दिवसलाई परम्परागत कार्यक्रमभन्दा फरक ढंगले मनाउँदै कलेजले स्वास्थ्य, अध्यात्म, प्रकृति संरक्षण, सामाजिक सेवा तथा कृषि ज्ञान प्रवर्द्धनलाई समेटेर विविध सिर्जनात्मक गतिविधि सञ्चालन गरेको थियो । कार्यक्रमको पहिलो चरणमा “योगिक शिक्षा र कृषि” विषयक विशेष सत्र आयोजना गरिएको थियो। उक्त अवसरमा योग, विभिन्न आसन, मुद्रा तथा ध्यान अभ्यास गरिनुका साथै चन्द्र नमस्कार प्रदर्शन गरिएको थियो। सहभागीहरूले सामूहिक रूपमा १०८ पटक गायत्री मन्त्र जप गर्दै मानसिक शान्ति, आध्यात्मिक चेतना तथा सकारात्मक ऊर्जाको अनुभूति गरेका थिए। आयोजकका अनुसार यस कार्यक्रमले स्वस्थ शरीर, शान्त मन र सन्तुलित जीवनशैलीको महत्त्वबारे सहभागीहरूलाई सचेत बनाएको थियो । त्यसैगरी “चरामार्फत प्रकृतिसँगको सम्बन्ध” शीर्षकमा चराअवलोकन कार्यक्रम पनि सम्पन्न भएको थियो । मिथिला वाइल्डलाइफ ट्रस्टका संयोजक देवनारायण मण्डल तथा उनको टोलीको प्राविधिक सहयोगमा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीहरूलाई चराका प्रकार, पहिचान विधि, बसाइँसराइ तथा जैविक विविधतामा तिनको भूमिकाबारे जानकारी दिइएको थियो। अवलोकनका क्रममा सात प्रजातिका चराहरू पहिचान गरिएको थियो, जसमध्ये केही बसाइँसराइ गरी अन्य देशबाट नेपाल आएका चराहरू रहेका थिए । त्यसैगरी , कलेजको मुख्य आयोजना तथा ब्लड फोर नेपाल, लियो क्लब अफ बर्दिबास समाजको सह-आयोजना, आईएएस एलसी बर्दिबास को सहकार्य तथा आरसी एग्रो होस्टेल को सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न सम्पन्न भएको हो ।

# मधेश प्रदेशमा पछिल्लो पाँच वर्षको अवधिमा सडक दुर्घटना भयावह बन्दै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असार**



मधेश प्रदेशमा पछिल्लो पाँच वर्षको अवधिमा सडक दुर्घटना भयावह बन्दै गएको तथ्यांक सार्वजनिक भएको छ ।

प्रदेशभर आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म २१ हजार ९८९ वटा सडक दुर्घटना हुँदा २ हजार ७४८ जनाले ज्यान गुमाएका छन् । मधेश प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार उक्त अवधिमा ४२ हजार ६३७ वटा सवारी साधन दुर्घटनामा परेका छन् । दुर्घटनाका कारण १० हजार ८६६ जना गम्भीर घाइते भएका छन् भने ३६ हजार ४४२ जना सामान्य घाइते भएका छन् ।

यसले मधेशमा सडक सुरक्षा गम्भीर चुनौतीका रूपमा रहेको देखाएको छ । धनुषामा सबैभन्दा बढी दुर्घटनाः जिल्लागत विवरणअनुसार मधेश प्रदेशमा सबैभन्दा बढी सडक दुर्घटना धनुषा जिल्लामा भएका छन् । पाँच वर्षको अवधिमा धनुषामा ४ हजार ८६८ दुर्घटना हुँदा ४२८ जनाको मृत्यु भएको छ । यस अवधिमा २ हजार ९४३ जना गम्भीर घाइते भएका छन् । दुर्घटनाको संख्याका आधारमा बारा दोस्रो स्थानमा रहेको छ । बारामा ४ हजार ४६८ दुर्घटना हुँदा ४१६ जनाको मृत्यु भएको छ भने ७८१ जना गम्भीर घाइते भएका छन् । सर्लाहीमा ४ हजार ७२ दुर्घटना हुँदा ३३६ जनाले ज्यान गुमाएका छन् र २ हजार १३२ जना गम्भीर घाइते भएका छन् । सिरहामा ३ हजार ५२६ दुर्घटनामा ३७९ जनाको मृत्यु भएको छ भने १ हजार ७७८ जना गम्भीर घाइते भएका छन् । त्यस्तै, सप्तरीमा ३ हजार ७२० दुर्घटनामा ३८३ जनाको मृत्यु भएको छ । रौतहटमा ३ हजार ४०३ दुर्घटनामा ३०० जनाले ज्यान गुमाएका छन् भने महोत्तरीमा ३ हजार ९१ दुर्घटनामा २९८ जनाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ । पर्सामा सबैभन्दा कम दुर्घटना प्रदेशका आठ जिल्लामध्ये पर्सामा सबैभन्दा कम सडक दुर्घटना भएको देखिएको छ । पाँच वर्षमा पर्सामा २ हजार ३५ दुर्घटना हुँदा २०८ जनाको मृत्यु भएको छ भने ३६५ जना गम्भीर घाइते भएका छन् । यद्यपि दुर्घटनाको संख्या अन्य जिल्लाको तुलनामा कम भए पनि ज्यान गुमाउने र घाइते हुनेको संख्या उल्लेखनीय रहेको देखिन्छ । उक्त तथ्यांक राष्ट्रिय सडक सुरक्षा परिषद्, भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश तथा एशियाली विकास बैंकको संयुक्त आयोजनामा सम्पन्न सडक सुरक्षा सम्बन्धी कार्यशालामा सार्वजनिक गरिएको हो ।

## सूचना ! सूचना !! सूचना !!!

**वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदावार जडीबुटीको अवैध ओसार पसार र जीवजन्तुको अवैध शिकार नगरौं । वन जंगलमा अवैध कार्य गर्नेलाई कानुन बमोजिम कारवाही हुनेछ ।**

**डिभिजन वन कार्यालय**
**महोत्तरी जलेश्वर, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

शुलभ शिक्षाको लागि सरकार सतर्क ।
वाल-बच्चा स्कुल पठाऔं नगरौं कुतर्क ॥
शिक्षाको व्यापकता सरकारको अभियान ।
पढ्न पठाऔं वालवालिका अगुवा किसान ॥

**शिक्षा विकास तथा समन्वय इकाइ**
**जलेश्वर महोत्तरी, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

### घाम र गर्मीबाट सुरक्षा

**घरभित्रै बस्ने:** विशेषगरी दिउँसो ११ बजेदेखि दिउसो ४ बजेसम्मको चर्को घाममा बाहिर ननिस्कनुहोस् ।
**झ्याल-ढोका बन्द :** दिउँसो घाम छिर्ने झ्याल र ढोकामा बाक्लो पर्दा लगाएर कोठालाई शीतल राख्नुहोस् ।
**छायाको प्रयोग :** बाहिर निस्कनै परेमा छाता, टोपी, र घामबाट बच्ने चस्मा (सनग्लास) को प्रयोग गर्नुहोस् र सनस्क्रिन क्रिम लगाउनुहोस् ।

**स्वास्थ्य कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण केन्द्र जलेश्वर, महोत्तरी**

जलेश्वर टुडे


# मन्त्रीले बन्द गरून् धम्कीपूर्ण अभिव्यक्ति

-नेपालका मन्त्रीहरूले धम्कीपूर्ण र हिंसाप्रेरित अभिव्यक्ति दिँदै कानुनी प्रक्रिया भन्दा आफूलाई माथि राख्ने प्रवृत्ति देखाएका छन् । यस्ता अभिव्यक्तिले लोकतान्त्रिक मूल्य र कानुनी शासनमा गम्भीर प्रश्न उठाएको छ, जसले समाजमा त्रास र गलत नजिर सिर्जना गर्छ । सरकारका मन्त्रीहरूले सजायको मानसिकता त्यागी विधि र प्रक्रियाप्रति प्रतिबद्ध हुन आवश्यक छ । शक्तिमा रहनेहरूमा अक्सर आफ्नो चाहना नै वैध हो भन्ने भ्रम हुने गर्छ ।

खासगरी राज्यसत्ताको नेतृत्वकर्ताहरूमा यस्तो भ्रम बढी हुने गर्छ । जनताको व्यापक अनुमोदन प्राप्त गरेर शक्तिमा पुगेको छ भने त उनीहरूले आफ्नो चाहनालाई जनताको पनि समर्थन उपलब्ध रहेको ठान्न सक्छन् । त्यसैले उनीहरू लोकतान्त्रिक विधि र प्रक्रियालाई भन्दा आफ्नो आदेशलाई अर्थपूर्ण ठान्छन् । यतिबेला नेपालमा त्यस्तै स्थिति देखिएको छ । जनताको बलियो समर्थनबाट गठित सरकारका मन्त्रीहरूले ठेकेदार वा आलोचकलाई लक्षित गर्दै दिएका अभिव्यक्ति विवादमा परेका छन् । पूर्वाधार विकासमन्त्री सुनील लम्सालले त ठेकेदारको 'खुट्टा भाँचिदिनुपर्ने' भन्दै हिंसाप्रेरित अभिव्यक्ति नै दिएका छन् । यस्ता तौरतरिकाले सरकारका मन्त्रीहरूमा शक्तिको मात चढेको, आफूहरूले जे गरे पनि हुने ठानेको, धम्की र हिंसाबाट अरूलाई काबुमा राख्न सकिन्न भन्ने स्थापित गर्न खोजेको देखिन्छ । लोकतान्त्रिक मुलुकमा शासकको यस्तो शैली चिन्ताको विषय हो । यसलाई स्वयं मन्त्रीहरूमै गल्ती बोलेको र नदोहोऱ्याउने आत्मबोध वा नागरिकको भद्र प्रतिवादद्वारा मात्रै नियन्त्रण गर्न सकिन्छ ।

मन्त्री लम्सालले गत आइतबार नागढुंगा-मुग्लिन सडक आयोजनाको अनुगमनका क्रममा भनेका थिए, 'यो बिजुलीको पोल सार्ने कन्ट्र्याक्टर धरतीमा कहाँ छ, खोजेर लिएर यहीँ राख्नुस् । काम गर्दैन भने खुट्टा भाँच्दिनू, मतलब भएन ।' त्यसो त, निर्वाचनअघि अहिलेका प्रधानमन्त्री वालेन्द्र शाहले धनगढीको चुनावी सभामार्फत ठेकेदारलाई लक्षित गरेर भनेका थिए, 'दुई वर्षमा बन्नुपर्ने बाटो २० वर्षसम्म बन्दैन । डेढ वर्षमा बन्नुपऱ्यो । त्यो हो हाम्रो एजेन्डा । रूखमा बाँधेर हुन्छ कि, बाटोमा सुताएर हुन्छ कि, खोरमा जाकेर हुन्छ, बाटो बन्नुपऱ्यो ।' कानुनी शासनमा सजाय निर्धारण गर्ने काम अदालतको हो । सरकारले अनुसन्धान गर्न सक्छ, अनुसन्धानमा सहजीकरण गर्न सक्छ, सरकारी निकायले अदालतमा सजायको दाबी पनि गर्न सक्छ । त्यस्तै, केही दिनअघि अर्थमन्त्री स्वर्णिम वाग्लेले संसद्रुमा बजेटमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा आलोचक सांसदहरूलाई लक्षित गर्दै उनीहरूको 'काण्ड' सार्वजनिक गर्ने चेतावनी दिएका थिए । करको दरमा हेरफेर भएको भन्दै सांसदहरूले प्रश्न उठाउन थालेपछि प्रश्न गर्नेहरूलाई उनले भनेका थिए, 'यो नैतिक आँट, नैतिक उचाइ मप्रति औंलो ठड्याउने माननीयज्यूहरूलाई पनि प्राप्त होस्, शुभकामना छ । तर तपाईंहरूका काण्डबारे हामी अनभिज्ञ हौं र ? ती पनि खुल्नेछन् ।' ती तीनवटै धम्कीपूर्ण बोलीमा एउटै अहं भेटिन्छ- आफूले चाहेको हुनैपर्छ । अरूको गल्ती होस् वा नहोस्, सजायको प्रकृति आफूले निर्धारण गर्न पाउनुपर्छ । जबकि, कानुनी शासनमा सजाय निर्धारण गर्ने काम अदालतको हो । सरकारले अनुसन्धान गर्न सक्छ, अनुसन्धानमा सहजीकरण गर्न सक्छ, सरकारी निकायले अदालतमा सजायको दाबी पनि गर्न सक्छ । तर, कोमाथि कसरी अनुसन्धान गर्ने काम अनुसन्धानकारी निकायको हो र कसलाई कस्तो सजाय दिने काम भने अदालतको हो ।

अदालतले दोषी र सजाय ठहर नगरीकन सरकारका मान्छेले जोकोहीलाई यस्तो-उस्तो सजाय दिन्छौं भन्नु भनेको अदालतभन्दा आफूलाई माथि राख्ने दुष्प्रयास हो । यो अस्वीकार्य छ । लम्साल र शाहको बोली त 'हिंसाप्रेरित' पनि छ । किनकि, खुट्टा भाँच्ने र रूखमा बाँध्ने जस्ता अंगभंग गराउने किसिमको सजायको परिकल्पना कुनै पनि कानुनमा छैन । एकातिर स्वयंले सडकमा उभिएर सजाय तोक्ने र त्यसक्रममा पनि कुनै पनि कानुनले परिकल्पना नगरेको सजाय दिने आकांक्षाले संविधान र कानुनभन्दा माथिको शासनशैलीको परिकल्पना गर्छ । 'जंगेले बोलेपछि बोल्यो' भन्ने व्यंग्यात्मक तर निरंकुश शासनशैलीको झझल्को दिलाउँछ । मन्त्री वाग्लेको अभिव्यक्ति प्रतिशोध र आफू मात्रै सही भएको अहंले ग्रसित छ । उनले आफूमाथि उठेका प्रश्नको जवाफ दिनु र लागेको आरोपको खण्डन गर्नु वाञ्छनीय हुन्छ । तर उनले आफूमाथिको आरोपमा प्रस्टीकरण दिनुभन्दा 'चुप नलागे आरोप लगाउनेको पनि काण्ड खोल्छौं' भन्ने अर्थमा चेतावनी दिएका छन् । हुन सक्छ, उनी निर्दोष छन् । हुन सक्छ, प्रश्न उठाउने दोषी छन् । तर, यो चुपचाप लाग्ने र सबै बच्ने खेलको विषय हुन सक्दैन । अरू मुछिएका काण्ड छन् भने अनुसन्धान गर्ने हो । दोषी भेटिए कारबाहीको दायरामा ल्याउने हो । यो नियमित प्रक्रिया हो । यसले नै गल्ती गर्नेलाई सजाय र बाँकीलाई सन्देश दिने गर्छ । यस्तो अनुसन्धान र कारबाही राज्य सञ्चालनको नियमित उपक्रम हो । राज्यलाई सूचना छ भने अनुसन्धान गर्नैपर्छ । तर वाग्लेले यसलाई सर्तयुक्त चेतावनीको विषय बनाउन खोजेका छन् ।



**साभार : कान्तिपुर ।**

सूचना ! सूचना !! सूचना !!!

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।

जनताको तटबन्ध कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।

भुमिगत जलश्रोत सिंचाई विकास डिभिजन कार्यालय
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

सडक हामी सबैको साझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सिमा भित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौ । निर्माण समग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडकमा दुर्घटनाबाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

जिल्ला समन्वय समितिको कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

सडक हामी सबैको साझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सिमा भित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौ । निर्माण समग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडकमा दुर्घटनाबाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

पुर्वाधार विकास कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday